# गुर्भाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

☎ ९८५८०६५१११

शुभाघाट, सुर्खेत,

कर्णाली प्रदेश, नेपाल

प.सं. : २०८१/०८२
च. नं. ३१२०

मिति : २०८१।१२।२१

विषय : आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षाको नतिजा प्रकाशन सम्बन्धमा ।

श्री सम्बन्धित विद्यालयहरु तथा विद्यार्थीहरु (सबै),
गुर्भाकोट नगरपालिका,सुर्खेत ।

प्रस्तुत विषयमा आधारभुत तह (कक्षा ८) उत्तीर्ण परीक्षा समितिको मिति २०८१।१२।२१ गतेको निर्णय अनुसार यस नगरपालिकाद्धारा मिति २०८१।१२।०३ गते देखि ऐ.१० गते सम्म सञ्चालन भएको आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा २०८१ को नतिजा प्रकाशन गरिएको छ । नतिजा हेर्न नामनामेसी सच्याउन तथा पुनर्योगका लागि तपसिल बमोजिम गर्नु गराउनुहुन सम्बन्धित सम्पूर्ण विद्यालयहरु तथा विद्याथीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. विद्यालयको नतिजा हेर्न

क. emis.cehrd.gov.np टाईप गरी विद्यालयको id र password राखी login गर्ने, तहाँ रहेको manage exam मा click गरि grade wise ledger मा click गरि year मा 2081 select गर्ने, class मा 8 select गर्ने र load गरी ledger प्राप्त गर्ने तथा विद्यार्थीलाई जानकारी गराउने ।

२. पूनर्योगका लागि

क.नतिजामा चित्त नबुझी पुनर्योग गर्न चाहने विद्यार्थीहरुले मिति २०८१।१२।२२ गते देखि मिति २०८१।१२।२५ गते सम्म आफुले अध्ययन गरेको विद्यालयमा नियमानुसारको शुल्क बुझाइ निवेदन दिनुपर्ने छ ।

ख. विद्यालयले विद्यालयमा दर्ता भएका निवेदनहरुको समष्टिगत विवरण तयार गरी विद्यार्थीको निवेदन, विद्यालयको पत्र, ग्रेड लेजरको प्रतिलिपि र नियमानुसार बुझाएको शुल्क सहित मिति २०८१।१२।२७ गते कार्यालय समय भित्र शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्ने ।

३. नामनामेसी सच्याउनका लागि

क. विद्यार्थीहरुको नाम, थर, जन्म मिति, बुवाको नाम, थर, आमाको नाम, थर लगाएतका विवरण फरक परेको खण्डमा नतिजा प्रकाशन भएको मितिले ६ महिना भित्र फरक परेको प्रमाण (जन्म दर्ताको प्रतिलिपी, ग्रेड लेजरको प्रतिलिपी, प्रवेश पत्रको प्रतिलिपि) सहित विद्यालयहरुले आ-आफ्नो विद्यालयको समष्टिगत तयार पारी विद्यालयको पत्र सहित शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश भए बमोजिम सच्याउन सकिने छ ।

**नोटः** नतिजामा कुनै त्रुटी भएको खण्डमा यस शाखाको अभिलेख अनुसार सच्याईने छ । साथै तोकिएको समयभित्र पेश नभएका निवेदन उपर कुनै कारवाही हुने छैन ।

बोधार्थ

श्री सूचना तथा प्रविधि शाखा : website मा सूचना अपलोड गरिदिनहुन ।

नि. प्रमुख प्रशासकीय अधिकृत

"सुख र समृद्धिको अठोट, समुन्नत गुर्भाकोट"

Website: www.gurbhakotmun.gov.np, Email: sktgurbhakotmun@gmail.com

CamScanner